ड्राफ्ट

# जिविस महासंघ नेपालका
# कर्मचारीहरूको आचार संहिता, २०६४

**(Code of conduct For Staffs of ADDCN, June 2007)**

महासंघको कार्यसमितिबाट अनुमोदन मिति : २०६४/३/१४

**जिल्ला विकास समिति महासंघ नेपाल**

**आषाढ २०६४**

# जिविस महासंघ नेपालका कर्मचारीहरुको आचार संहिता, २०६४

## (Code of conduct For Staffs of ADDCN, 2007)

जिल्ला विकास समिति महासंघ नेपालको विधान, २०५२ को भावना र जिविस महासंघ नेपालको कार्यव्यवस्था नियमावली, २०५४ को नियम ८५ को व्यवस्थालाई थप प्रभावकारी तुल्याउन वाञ्छनीय देखिएकाले जिल्ला विकास समिति महासंघ नेपाल तथा मातहतका आयोजना/परियोजनामा कार्यरत कर्मचारीहरुका लागि जिल्ला विकास समिति महासंघ नेपालका कर्मचारीहरुको बैठकबाट पारित गरी महासंघको कार्यसमितिको मिति २०६४ आषाढ १४ गतेको बैठकको निर्णयबाट अनुमोदन भई देहायको ***जिविस महासंघ नेपालका कर्मचारीहरुको आचार संहिता, २०६४*** बनाई लागु गरिएको छ ।

**१– संक्षिप्त नाम र प्रारम्भ**

(१) यस आचारसंहिताको नाम " जिविस महासंघ नेपालका कर्मचारीहरुको आचार संहिता, २०६४" रहेको छ ।

(२) यो आचारसंहिता महासंघको कार्यसमितिबाट अनुमोदन भएका मितिदेखि लागु हुनेछ ।

**२– परिभाषा ः**

(क) "महासंघ" भन्नाले जिल्ला विकास समिति महासंघ नेपाललाई सम्झनुपर्छ ।

(ख) "विधान", भन्नाले महासंघको विधान, २०५२ सम्झनुपर्छ ।

(ग) "नियम" भन्नाले महासंघको नियम, २०५४ सम्झनुपर्छ ।

(घ) "विनियम" भन्नाले महासंघको विनियम सम्झनुपर्छ ।

(घ) "अनुशासन समिति" भन्नाले जि.वि.स. महासंघ नेपालका कर्मचारीहरुको आचार संहिता, २०६४ को बुँदा (४) अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

(ङ) "कर्मचारी" भन्नाले महासंघको आन्तरिक वा अन्य जुनसुकै श्रोतबाट पारिश्रमिक, प्राप्त गर्ने स्थायी, अस्थायी, करारमा नियुक्त सबै तह र श्रेणीका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(च) "आचारसंहिता" भन्नाले जिविस महासंघ नेपालका कर्मचारीहरुको आचारसंहिता, २०६४ लाई सम्झनुपर्दछ ।

**३. महासंघका कर्मचारीहरुको पेशागत आचार ः**

(१) महासंघमा कार्यरत कर्मचारीहरुले देहायका पेशागत आचार पालन गर्नुपर्नेछ ।

(क) महासंघको काम कारवाहिका सिलसिलामा सबै कर्मचारीहरुले कार्यसमितिका पदाधिकारी, महासंघका परिषद सदस्यहरु, सदस्य जिल्ला विकास समितिका पदाधिकारी एवम्

कर्मचारीहरुप्रति सम्मानजनक व्यवहार गर्नुपर्नेछ र बोलिचालिको क्रममा शिष्ट भाषाको प्रयोग गर्नेछन ।

(ख) कुनै कर्मचारीले अर्को कर्मचारीलाई तोकिएको कार्यविवरण वाहेकका कार्य गर्न वा नगर्नका लागि दवाव दिनु हुँदैन ।

(ग) कुनै पनि प्रकारले महासंघको सम्पत्ति (नगद तथा जिन्सी) मास्न वा दुरुपयोग गर्न गराउन हुँदैन । अधिकारको दुरुपयोग, अनियमितता, भ्रष्टाचार गर्नु वा गर्नका लागि उकास्नु समेत हुँदैन ।

(घ) तोकिएको तवरले कर्मचारीहरुलाई बैठकमा कुनै पनि कुरा वोल्नबाट रोक्नु हुँदैन ।

(ङ) कर्मचारीले एक अर्को कर्मचारीप्रति आपसमा रिस, राग, द्वैष प्रकट गर्नु हुँदैन ।

(च) सम्पुर्ण कर्मचारीहरु तोकिएको कार्यालय समयमा उपस्थित हुनेछन्, कर्मचारी प्रशासनलाई जानकारी नदिई कार्यालयमा अनुपस्थित रहनेछैनन ।

(छ) महासंघको निर्णयानुसार गोपनिय राख्नुपर्ने तथ्य वा सूचनाको गोपनियता भंग गर्नु हुँदैन ।

(ज) महासंघको नाममा प्राप्त जुनसुकै सूचना कुनै कर्मचारीले व्यक्तिगत प्रयोजनका लागि लुकाउनु हुँदैन ।

(झ) कार्यालय भित्र धुम्रपान सेवन गर्नु हुँदैन, मद्यपान वा लागु पदार्थ सेवन गरी कार्यालय वा कार्यालय काममा उपस्थित हुनु हुँदैन ।

(ञ) कुनै कर्मचारीले महासंघको पारित परामर्श सेवा नीतिको विपरित हुने गरी वाह्य परामर्श सेवा स्विकार गर्नु हुदैन । कार्यालय समयमा कार्यालयको तोकिएको कार्य वाहेकका निजी कार्य गर्नुहुँदैन र त्यस्तो कार्य गर्नका लागि प्रोत्साहन पनि गर्नु हुँदैन ।

तर यस कुराले महासंघको नियमित काममा वाधा नपुग्ने गरी महासंघ अन्तरगतका विषय, आयोजना वा परियोजनामा परामर्श सेवामा संलग्न हुनबाट रोकेको मानिने छैन ।

(ट) कुनै कर्मचारीले आफूलाई तोकिएको कुनै कार्य गर्न आनाकानी गर्ने, ढिलाई गर्ने वा विना कारण अस्विकार गर्नु हुँदैन र कुनै कर्मचारीलाई कार्य तोक्दा निजी वा अर्को कर्मचारीले गर्ने कार्य गर्नका लागि दवाव दिन समेत हुँदैन ।

(ठ) कुनै कर्मचारीले अर्को कर्मचारीप्रति अस्वस्थ आलोचना गर्ने, जिस्क्याउने तथा उनीहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै अस्लिल तस्विर कम्प्युटर, इन्टरनेट वा अन्य कुनै माध्यमवाट प्रकाशित गर्ने, प्रदर्शन गर्ने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहार गर्नु वा गराउनु  हुदैन् ।

(ङ) कर्मचारीले राजनीतिक आस्था वा प्रभावका आधारमा महासंघको उद्देश्य तथा निर्णय विपरित अन्य विषयको वकालत वा पक्षपोषण गर्नु हुँदैन ।

(ढ) कुनै कर्मचारीले महासंघको नीतिको विपरित हुने गरी वा सदस्य जिल्ला विकास समितिहरु र साझेदार संघ संस्थासंगको सम्वन्धमा खलल पर्ने गरी कुनै लेख, खवर भाषण, वक्तव्य प्रकाश वा प्रशारण गर्नु गराउनु हुँदैन ।

(२) कर्मचारीहरुको आचार सम्बन्धी अन्य व्यवस्थाहरु जिविस महासंघ नेपालको कार्यव्यवस्था नियमावली, २०५४ को नियम ८५ मा तोकिए बमोजिम हुनेछन ।

**४. अनुशासन समिति :**

(१) कुनै कर्मचारीले पेशागत आचार उल्लंघन गरे, नगरेको सम्वन्धमा उजुरी परेमा सो उपर छानविन गरी आवश्यक कारवाही गर्नका लागि कार्यसमितिले एकजना सदस्यको अध्यक्षतामा महासंघका कार्यकारी महासचिव र महिला कर्मचारी समेत रहेको एक अनुशासन समिति गठन गरिनेछ ।

(२) अनुशासन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**५. अनुशासन समितिको काम, कर्तव्य र अधिकार :**

(१) अनुशासन समितिलाई आरोपित कर्मचारीलाई समाव्हान जारी गर्ने र आरोपित विषयका सम्वन्धमा साक्षी प्रमाण बुझ्ने अधिकार हुनेछ ।

(२) अनुशासन समितिले आरोपित विषयमा छानविन वा अनुसन्धान गर्दा सम्बन्धित कर्मचारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(३) अनुशासन समितिले आफ्नो राय सहित आरोपित कर्मचारीका विषयमा छानविन वा जाँचबुझबाट देखिएको निष्कर्ष नियमानुसारको कार्वाहिका लागि कार्यसमितिमा लेखि पठाउनु पर्नेछ ।

(४) अनुशासन समितिले यस आचारसंहिताको भावना वमोजिम आफ्नो कार्यविधि आफै बनाई लागु गर्नसक्नेछ ।

(५) कार्यकारी महासचिवको हकमा कार्यसमितिको निर्णय अनुसार हुनेछ ।

**६. उजुरी :**

(१) कुनै कर्मचारीले पेशागत आचार उल्लंघन गरेकोमा त्यस विषयमा जिविस महासंघको सचिवालय मार्फत अनुशासन समिति समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपनियम (१) वमोजिम दिइने उजुरीमा कुन कर्मचारीले कुन आचार उल्लंघन गरेको हो आधार प्रमाण स्पष्ट खुलाई दिनुपर्नेछ ।

(३) उजुरी परी आवश्यक कारवाही माग गरेको अवस्थामा अनुशासन समितिले उजुरवाला कर्मचारीसंग थप विवरण, स्पष्टोक्ति वा कागजात प्रमाण माग गर्न सक्नेछ ।

**७. गोप्य राख्नुपर्ने**

अनुशासन समितिले उजुरीको विवरण अन्तिम निर्णय गर्ने निकाय वा अधिकारीबाट निर्णय नभएसम्मका लागि गोप्य राख्नु पर्नेछ ।

**८. जांचवुझ**

पेशागत आचार उल्लंघन गरेवापत सजायको सिफारिश गर्नुपुर्व अनुशासन समितिले देहायका प्रकृयाहरु पुरा गर्नुपर्नेछ ।

(१) कुनै कर्मचारीका विरुद्ध कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुशासन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनि जाँचवुझ गर्न वा गराउन सक्नेछ ।

(२) उपनियम(१) वमोजिम जाँचवुझ गर्दा कुनै कर्मचारीउपर कारवाही गर्नुपर्ने देखिएमा अनुशासन समितिले त्यस्तो कर्मचारीलाई सफाई पेश गर्न उचित मौका दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सफाई पेश गर्ने मौका दिंदा सम्बन्धित कर्मचारी विरुद्ध लागेको आरोप र त्यसको आधार तथा निजलाई हुन सक्ने सजाय समेत उल्लेख गर्नुपर्नेछ ।

**९. सजाय :**

(१) कुनै कर्मचारीले नियम ३ को उपनियम(१) को (क) देखि (ढ) मा उल्लेखित आचार उल्लंघन गरेको ठहर भएमा अनुशासन उल्लंघनको गम्भिर्यतालाई हेरी जिविस महासंघ नेपालको कार्य व्यवस्था नियमावली, २०५४ को नियम ५५ मा उल्लेखित नसिहत दिने, तलब बृद्धि वा बढुवा रोक्का गर्ने, तल्लो स्केलमा घटुवा गर्ने, सेवावाट हटाउने लगायतका सजाय गर्न सकिनेछ ।

(२) कुनै कर्मचारीले नियम ३ को उपनियम (१) को (क) देखि (ढ) मा उल्लेखित आचारहरु बारम्बार उल्लंघन गरेको अवस्था भएमा वा गम्भिर प्रकृतिको अनुशासन उल्लंघन देखिने अभियोग प्रमाणित भएमा वाहेक एकैपटक सेवावाट हटाउने गरी सिफारिश वा निर्णय गरिनेछैन ।

(३) सजाय सम्वन्धी अन्य कार्यविधि जिविस महासंघ नेपालको कार्य व्यवस्था नियमावली, २०५४ बमोजिम हुनेछ ।

**९. विविधः**

(१) यो आचार संहिता कर्मचारीको सेवा शर्तको एक भागको रुपमा रहनेछ ।

(२) यो आचार संहिताको पालन गर्नु महासंघका प्रत्येक कर्मचारीको कर्तव्य हुनेछ ।